नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

(पूर्वाधार विकास महाशाखा)

सिंहदरवार,काठमाडौं

पत्र संख्या:–०७३/७४

चलानी नं.:– १६२

फोन नं.:- ०१ -४२००२०१

मिति :–२०७३।०९।१७

श्री राज्य प्रकाश प्रधानाङ्ग,का.म.न.पा.
व.अ.श्री रुद्र गौतम,ल.पु.उ.म.न.पा.
व.अ.श्री केशव सिलवाल,म.थि.न.पा.
श्री माधव गौतम,वुढानीलकण्ठ न.पा.

विषय :– निर्णय प्रतिलीपी पठाएको वारे ।

प्रस्तुत विषयका सम्वन्धमा मिति २०७३।०९।१२ गतेका दिन यस सघींय मामिला तथा स्थानीय विकास मन्त्रालयका मा. मन्त्री श्री हितराज पाण्डे ज्यूको समुपस्थितीमा काठमाडौ उपत्यका लगायत ठुला शहरहरुमा नगरपालिका मार्फत नगर यातायात (वस सेवा) , फोहरमैला व्यवस्थापन तथा नक्सा पास सम्वन्धी व्यवस्थाका विषयमा छलफल गर्न आयोजना गरिएको वैठकवाट नगर वस संचालन सम्वन्धमा प्रवन्धपत्र र नियमावली लाई अन्तिमरुप दिन, नगरपालिकाहरुको लागत साझेदारीको रकम निर्क्यौल गर्न , कम्पनी दर्ता प्रकिया अगाडी वढाउन, कम्पनीको कार्यालय र जनशक्तिको व्यवस्था र वसहरुको Specification and bidding document लाई १५ दिन भित्र टुङ्गाउन तपाईहरु सम्मीलित समिति गठन गरेकोले सो कार्य सम्पन्न गरी यथाशिघ्र उपलब्ध गराईदिनुहुन उक्त वैठकको निर्णय प्रतिलीपी यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

.............................
जीवन कुमार श्रेष्ठ
सह सचिव

**वोधार्थ :–**
श्री माननीय मन्त्री ज्यूको सचिवालय
श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
श्रीमान सचिव ज्यू,
श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
श्री सुचना तथा विधुतीय शासन शाखा:– यस वमोजिमको पत्र तथा निर्णय मन्त्रालयको वेभ साईटमा राखिदिनुहुन ।

१। व्यवस्थापिका संसदमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट २०७३/५/२३ मा गरिएको संवोधनको वुँदा नं. १४ मा ६ महिना भित्र १०० वटा लामा र स्तरीय ठूला वस खरीद गरी काठमाडौं उपत्यका, विराटनगर, जनकपुर, विरगंज, भरतपुर, वुटवल, नेपालगञ्ज, धनगढी, पोखरा, सुर्खेत र घोराही लगायतका शहरहरुमा नगरपालिकाहरु मार्फत सञ्चालन गरिने मार्गदर्शन भएकामा हालसम्म नगर यातायात बस सञ्चालन सम्बन्धमा देहाय अनुसार कार्य भएको पाइयो ।

- नगरबस सञ्चालन गर्न मस्यौदा प्रवन्धपत्र र नियमावलीको नगरपालिकाहरुबाट धारणा माग गरी पृष्ठ पोषण समेत आएको ।
- अर्थ मन्त्रालयमा City bus खरिदका लागि प्रारम्भिक लागत अनुमानको आधारमा बजेट माग भएको
- विराटनगर र वुटवल Cluster बाट पनि उक्त विषयको प्रकृया अगाढी बढाइएको ।

उक्त विषयमा प्रवन्ध पत्र र नियमावलीलाई अन्तिम रुप दिन नगरपालिकाहरुको लागत साँझेदारीको रकम निर्कोल गर्न, कम्पनी दर्ता प्रक्रिया अगाढी बढाउन, कम्पनीको कार्यालय र जनशक्तिको व्यवस्था र बसहरुको Specification and bidding document लाई १५ दिनभित्र टुङ्ग्याउन देहाय बमोजिमको समिति गठन गर्ने ।

| सि.नं. | नाम थर | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री राज्य प्रकाश प्रधानाङ्ग | का.म.न.पा. | ९८५१०४४४५७ |
| २ | व.अ. श्री रुद्र गौतम | ल.उ.म.न.पा | ९८५१०६२११० |
| ३ | व.अ. श्री केशव शिलवाल | मध्यपुर थिमि न.पा. | ९८५१०९७४२२ |
| ४ | श्री माधव गौतम | वुढानिलकण्ठ न.पा. | ९८४५८१०७३३ |

२। फोहोरलाई श्रोतमै वर्गिकरण गर्नुपर्ने कानूनी व्यवस्था रहेकोमा हालसम्म फोहोरलाई श्रोतमा वर्गिकरण गरेको नपाइएको हुँदा अव प्रत्येक हप्तामा कम्तिमा एउटा वडामा फोहोरलाई वर्गिकरण गरी उठाउने व्यवस्था अभियानकै रुपमा सञ्चालन गर्दै जाने व्यवस्था मिलाउने ।

३। हाल प्रयोगमा रहेको फोहोर व्यवस्थापनको अन्तिम विर्सजन स्थल सिस्डोल ल्याण्ड फिल्ड साइटको कम्तिमा पनि एक हप्ता भित्र सवै कार्यकारीले अनुगमन गर्ने र उक्त फोहोर विर्सजन स्थान र त्यहाँसम्म जाने सडकको व्यवस्थापन गर्न एक संयुक्त कोष स्थापनाको लागि सवै नगरपालिकाहरु (उक्त ठाउँमा फोहोर पठाउने) ले अनिवार्य नगद योगदान गर्ने ।

४। निजी क्षेत्रवाट फोहोर संकलन गरिएका नगरपालिकाहरुले उनीहरुवाट गर्नुपर्ने कार्यको TOR र उपभोक्तावाट उठाउने दस्तुरको व्यवस्थापन नियमानुसार फोहोर व्यवस्थापन गर्न लगाई सो को जानकारी मन्त्रालयलाई उपलव्ध गराउने ।

५। सार्वजनिक तथा नीजि सवारी साधनवाट उत्सर्जन हुने र गरिने फोहोर व्यवस्थापन सम्बन्धमा नगरपालिकाले आफ्नो क्षेत्रभित्र फोहोर राख्ने स्थान तोक्ने र फोहोर उठाउने व्यवस्था गर्ने साथै सम्बन्ध व्यवसायी र वस चालकसंग झ्यालवाट फोहोर फाल्न नपाउने व्यवस्था मिलाउने ।

६। काठमाडौं, ललितपुर र भक्तपुरमा क्षेत्रमा दिर्घकालिन ल्याण्डफिल्ड साइटको अध्ययन गरी फोहरमैला तथा प्राविधिक सहयोग केन्द्रबाट २ महिना भित्र मन्त्रालयमा प्रतिवेदन पेश गर्ने ।

७। भवन निर्माण मापदण्डको परिपालनमा व्यापक जनगुनासो आइरहेका, मापदण्ड विपरित निर्माण गरिएका भवनको दस्तुर लिई अभिलेखिकरण गरिएकोमा भवन निर्माण सम्बन्धमा नेपाल सरकार

मिति २०७२/६ १३ मा वस्ती विकास सहेरी योजना तथा भवन निर्माण सम्बन्धी प्रावधान विपरित गई अभिलेखिकरण नगर्ने/मापदण्ड विपरित बनेका भवनलाई मन्त्रालयको मिति २०७३/६/७ को निर्णयानुसार शुन्य सहनशील नितीअनुसार कार्यान्वयन गर्ने ।

८। सबै नगरपालिका वीच भएको कार्य सम्पादन सम्झौता अनुसार सबै नगरपालिकाहरुले पौष मसान्त भित्र गरिने नगरपरिषद्बाट निर्णय गरी आगामी २०७४/४/१ देखि अनिवार्य रुपमा एकिकृत सम्पत्ति करलाई कार्यान्वयनमा ल्याउने ।

९। लगानी वोडबाट स्वीकृत भएका DPR (फोहर मैलाको अन्तिम निस्कासनलाई निजि क्षेत्रबाट गरिने विषयलाई ४५ दिन भित्र टुङ्गो लगाउने ।

१०। नगरपालिकाहरुको फोहरहरु सङ्कलन (Collection Transfer Station) गर्ने स्थान खोली गर्ने र अन्य सङ्कलन केन्द्रमा हाल देखिएका समस्या समाधान हुने गरी विभिन्न Model Design फोहरमैला तथा प्राविधिक सहयोग केन्द्रले १ महिना भित्र सम्पन्न गर्ने ।